# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क १
(२०८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)


## लुम्बिनी प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

लुम्बिनी प्रदेशको अभिलेख अनुसार सन् २०२४ को पहिलो तीन महिनाको अवधिमा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३ सय २७ जना महिला र एक जना बालक सहित ६२ जना बालिका पीडित भए।

अन्यपक्षबाट पुरुष, महिला र बालिका गरी ४ सय ५२ जना पीडित भए। अभिलेखित घटना अनुसार सात जना महिलासहित १७ जनाको हत्या भयो । यसैगरी कुटपिटबाट १२ जना, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबाट दुई जना, अमानवीय व्यवहारबाट ६ जना महिला सहित २३ जना, घाइतेबाट दुई जना, जातीय विभेदबाट पाँच जना, धम्किबाट एक जना र यातनाबाट एक जना पीडित भए । यो अवधिमा बाल अधिकार उल्लङ्घनका घटनामा ६२ जना बालबालिका पीडित भए । जसमध्ये ४३ जना बालिका बलात्कार, पाँच जना बालिका बेचबिखन, तीन जना बालिका बालविवाहबाट पीडित र ११ जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए।

यसैगरी सबै भन्दा बढी महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय २७ जना महिला पीडित भए। जसमध्ये २८ जना बलात्कार, सात जना बलात्कार प्रयास, तीन जना यौन दुर्व्यवहार, २ सय ७१ जना महिला घरेलु हिंसा, १२ जना महिला बहुविवाह र ६ जना महिला मानव बेचबिखन तथा ओसारपसारका घटनामा पीडित भए।

यसअघि विभिन्न प्रकारका मानव अधिकार तथा ज्यादतीका घटनामा संलग्न आरोपितहरूमाथि पनि कानुनी कारबाही हुन नसक्नु लगायतका कारणले ज्यादतीका घटना कम हुन सकेको छैन। महिला र बालबालिका माथि हुने हिंसाका घटना न्यूनीकरणका लागि स्थानीय सरकारले पनि स्पष्ट नीति ल्याउन नसक्नु तथा रोजगारीको अवसर नहुनु तथा बेरोजगार जनशक्ति बढ्नुले पनि महिला र बालबालिका माथि हुने हिंसा बढेर गएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा संलग्न पीडितहरूको व्यक्तिगत अभिलेखबाट देखिन्छ। न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउने, आमनागरिकलाई उनीहरूका

कर्तव्य बोध गराउनेलगायतका काममा स्थानीय तहको क्षमता विकास गराउनु आजको आवश्यकता देखिन्छ। साथै स्थानीय सरकारलाई मानव अधिकार रक्षाका लागि जिम्मेवार बनाउन सके मात्रै आम नागरिकको अधिकार सुनिश्चित हुन सक्ने कुरामा दुई मत छैन।

स्थानीय प्रहरी प्रशासनका गलत गतिविधिहरुका बारेमा पत्रपत्रिकामा प्रकाशित समाचारलाई लिएर स्थानीय प्रहरी, प्रशासनबाट समेत पत्रकारहरु पीडित हुनु परेका घटनाले मानव अधिकारकर्मीहरुलाई समेत दुःखी बनायो । वर्षौंदेखि आफ्नो न्यायका लागि छटपटिरहेका सशस्त्र द्वन्द्वपीडितहरु अझैपनि झिनो न्यायका आशाका साथ सरकारसामू याचना गरिरहेको पाइयो । समग्रमा लुम्बिनी प्रदेशको मानव अधिकार विगतको तुलनामा खासै प्रगति भएको पाइएन।

**भोला महत**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (जनवरी–मार्च २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | | | | २ | २ | २ |
| धम्की | | | | ५ | | ५ | ५ |
| कुटपिट | | | | ७ | ५ | १२ | १२ |
| बाल अधिकार | | | | ६२ | | ६२ | ६२ |
| अमानवीय व्यवहार | | | | ६ | १७ | २३ | २३ |
| हत्या | | | | १० | ७ | १७ | १७ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | २ | २ | २ |
| जातीय विभेद | | | | १ | | १ | १ |
| यातना | | | | १ | | १ | १ |
| महिला अधिकार | | | | ३२७ | | ३२७ | ३२७ |
| जम्मा | | | | ४१९ | ३३ | ४५२ | ४५२ |

# लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)

### नागरिक तथा राजनीतिक अधिकार

#### सम्मानित रुपले बाँच्न पाउने अधिकार

#### हत्या

**अन्यपक्षबाट**

**रुकुम पूर्व**

भुमे गाउँपालिका-७ की ७४ वर्षीया पुरमाला दमाइलाई ०८० चैत १६ गते सामान्य विवाद हुँदा कुटपिट गरी ह्याम्मरले हानेर हत्या गरेको भन्दै रुकुम पश्चिमको बान्फिकोट गाउँपालिका-२ घर भई हाल रुकुम पूर्वको भुमे गाउँपालिका-३ बस्ने २३ वर्षीय पवन कुमार सुनारविरुद्ध पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २४ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम चैत १७ गते रुकुम पूर्व जिल्ला अस्पताल, रुकुमकोटमा भयो। पोष्टमार्टमपछि परिवारले सोही दिन शव बुझी सदगत् गरे। घटनाका आरोपितलाई प्रहरीको हिरासतमा राखेर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

#### कुटपिट/दुर्व्यवहार

**अर्घाखाँची**

मलारानी गाउँपालिका-७ रतनमारे बस्ने माध्यमिक विद्यालयका प्रधानाध्यापक ५७ वर्षीय राजेन्द्र प्रसाद पन्थीलाई मालारानी गाउँपालिका-८ बाटुलेखोला बस्ने ३८ वर्षीय नरिश्वर पाण्डे र रुकुम रानोभेरी गाउँपालिका-९ स्थायी घर भई हाल सन्धिखर्क नगरपालिका-१ रतहले बस्ने ४० वर्षीय हुकुम भन्ने हुमबहादुर खड्काले ०८० माघ २८ गते दुर्व्यवहार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरुलाई प्रहरीले माघ २८ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरुविरुद्ध ०८० फागुन ११ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा अभद्र व्यवहार गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितहरुलाई १० हजार रुपियाँका दरले धरौटीमा रिहा गऱ्यो।

**दाङ**

तुलसीपुर उपमहानगरपालिकाका बजार व्यवस्थापक तुलसीपुर उपमहानगरपालिका-१ का २४ वर्षीय डिल्ली न्यौपानेलाई ०८० पुस २५ गते युवासंघका कार्यकर्ता तुलसीपुर उपमहानगरपालिका-१८ का ३२ वर्षीय गोविन्द नेपालीले कुटपिट तथा दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले पुस २७ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। मुख र दाँतमा चोट लागेका पीडितको स्वास्थ्य उपचार पुस २५ गते स्थानीय अस्पतालमा भयो। मादक पदार्थ सेवन गरी कार्यालय परिसरमै कर्मचारीमाथि कुटपिट तथा दुर्व्यवहार भएकोमा विरोध गर्दै तुलसीपुर उपमनगरपालिकाका कर्मचारीहरुले पुस २६ गते संयुक्त विज्ञप्ति निकालेर दोषीमाथि कारबाहीको माग गरे। प्रहरीले भने छलफल गराउन बोलाएको भन्दै टारेको पीडितले बताए।

घोराही सिमेन्ट प्रालिका म्यानेजर घोराही उपमहानगरपालिका-४ का ४२ वर्षीय विष्णु घिमिरेलाई ०८० फागुन ३ गते नेकपा माओवादी (केन्द्र)का कार्यकर्ताहरु घोराही उपमहानगरपालिका-३ का ४५ वर्षीय बसन्त अधिकारी, ३८ वर्षीय यादव अधिकारी र ४० वर्षीय खिमबहादुर डाँगीले दुर्व्यवहार तथा हातपात गरेको भन्दै पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आवासबाट कार्यकक्षतर्फ जाँदै गरेका बेला उद्योग परिसरमै हातपात गरेको पीडितले बताए। प्रहरीले आरोपितहरु तीनै जनालाई फागुन ३ गते गिरफ्तार गरी अनुसन्धान थालेकोमा फागुन ८ गते हाजिरी जमानीमा रिहा गऱ्यो। प्रहरीले आरोपितिवरुद्ध ०८० चैत २० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल आपराधिक उपद्र व्यवहार गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २० गतेको इजलासले आरोपितहरुलाई ५०/५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

राप्ती गाउँपालिका-६ का ४२ वर्षीय बासुदेव चौधरी, ६९ वर्षीय बुवा सुनाराम चौधरी, ६८ वर्षीया आमा छनकादेवी चौधरी, ३७ वर्षीया पत्नी देवकुमारी चौधरी, २४ वर्षीया बहिनी पवित्रा चौधरी, १५ वर्षीया छोरी

रुपकला चौधरी र १४ वर्षीया छोरा विशाल चौधरीलाई ०८० चैत ७ गते देखि राप्ती गाउँपालिका-६, बगरापुर गाउँका अगुवा (मतावाँ) ४८ वर्षीय मानबहादुर चौधरीको निर्देशनमा स्थानीयवासीहरुले घरमै नाकाबन्दी गरेको भन्दै पीडित पक्षले चैत १३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दियो। बाटो निर्माणमा जमिन नदिएको भन्दै थारु अगुवा मानबहादुरको निर्देशनमा बासुदेवको परिवारलाई गाउँको बाटो हिँड्न नदिने, घर घेराउ गर्ने, घरमा ढुंगा हान्ने, गालीगलौज गर्ने, घाँस काट्न जान नदिदा १४ ओटा बाख्रा र दुई ओटा भैँसी आफन्तको घरमा पठाइएको पीडित बासुदेवले बताए। कतै सुनुवाई नभएको भन्दै पीडितले चैत १६ गते राष्ट्रिय मानव अधिकार आयोग सम्पर्क कार्यालय, वुटवलमा निवेदन दिए।

वाईसिएल नेपाल शान्तिनगरका अध्यक्ष शान्तिनगर गाउँपालिका-६ का २३ वर्षीय दिपेश भण्डारीलाई ०८० फागुन ७ गते राष्ट्रिय युवा संघ नेपाल दंगीशरणका उपाध्यक्ष दंगीशरण गाउँपालिका-५ का २२ वर्षीय जेनिस मगर र ववई गापा-७ का २३ वर्षीय सन्दीप घर्तीले राजनीतिक प्रतिशोध राखेर कुटपिट गरेको भन्दै पीडित पक्षले फागुन ८ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। काम छ भनि शान्तिनगर-५ रगैजामा बोलाएर कुटपिट गर्दा टाउकोलगायत शारिरका विभिन्न स्थानमा चोट लागेको स्थानीय मेडिकलमा फागुन ८ गते नै उपचार भयो। प्रहरीले आरोपित फरार रहेकाले खोजी भइरहेको जनायो।

**बाँके**

जिल्ला प्रहरी कार्यालय बाँकेमा कार्यरत असई लक्ष्मणबहादुर शाहीलाई ०८० फागुन ८ गते डियुटीमा रहेका प्रहरीलाई गाली ग्लौच तथा अभद्र व्यवहार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१६ का २६ वर्षीय हुसेन साई र डुडुवा गाउँपालिका- ३ का २६ वर्षीय लुकमान खाँ विरुद्ध फागुन ६ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन ३० गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा अभद्र व्यवहार शीर्षकमा फागुन ३० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश केशवराज चपाईको इजलासले आदेशले १ वर्ष को सजाय भएकोले कारागार पठाइएको जिल्ला अदालतका श्रेस्तेदार गोविन्द आचार्यले बताए।

कर्णाली प्रदेश प्रहरी तालिम केन्द्रमा कार्यरत हाल बाँके जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवलदार नारायण शालीलाई ०८० चैत ६ गते चेकजाँच गर्दा डियुटीमा खटिएका सार्वजनिक स्थलमा गाली ग्लौच तथा अभद्र व्यवहार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका -६ घर बताउने ३६ वर्षीय सन्तोष वली चैत ७ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिए। प्रहरीले आरोपितलाई नेपालगञ्ज उपमनापा १८ बाट चैत ६ गते गिरफ्तार गऱ्यो। थप अनुसन्धान भई रहेका जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रसनि लक्ष्मण बहादुर शाहीलाई ०८० चैत ६ गते होहल्ला गरीरहेको अवस्थामा सम्झाई गर्दा डियुटीमा खटिएका प्रहरी टोलीलाई सार्वजनिक स्थलमा अभद्र व्यवहार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१६ का २८ वर्षीय कलीम जोलाहा चैत७ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत ७ गते गिरफ्तार गऱ्यो। थप अनुसन्धान भई रहेका जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

**बर्दिया**

बढैयाताल गाउँपालिकाका शिक्षा शाखा प्रमुख ४० वर्षीय बिष्णुप्रसाद ढकाललाई फागुन १६ गते बढैयाताल गाउँपालिका-३, भोलागौडीमा तीन जनाको अपरिचत समूहले मोसो दल्दै लछारपछार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय, मैनापोखरमा फागुन १६ उजुरी दिए। घटनाको विरोध गर्दै कर्मचारीले फागुन १६ गते पालिकामा कार्यरत सम्पूर्ण कर्मचारीले अत्यावश्यक सेवा बाहेक अन्य सेवा अनिश्चित कालका लागि बन्द गरिएको प्रेस विज्ञप्ति मार्फत जनाए। जसका कारण पालिकाबाट दिने सेवा दुई दिनदेखि बन्द भयो। बढैयाताल गाउँपालिका अध्यक्ष हिमालय त्रिपाठीले दोषीमाथि कडा कारवाही र सम्पूर्ण कर्मचारीको सुरक्षाको लागि पालिकाले ऐक्यबदता जनाएको र सेवा प्रवाहलाई निरन्तर राख्न पालिकाले आह्वान गऱ्यो। इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर लोकेन्द्रसिंह ठगुन्नाले कर्मचारी माथि दुर्व्यवहार गर्नेहरुको खोततलास भइरहेको बताए।

ठाकुरबाबा नगरपालिकाका सव इन्जिनियर २३ वर्षीय प्रदिप कुमार साहलाई सोही नगरपालिका-१ बस्ने ५३ वर्षीय प्रशुराम थारुले ०८० माघ १८ गते घाँटी अठ्यार, अपशब्द बोल्दै कुटपिट गरे। आफ्नो कोठामा बसिरहेको अवस्थामा माघ १८ गते थारुले आफूलाई गाली गलौच गदै कुटपिट गरेको भन्दै पीडितले माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा फागुन १४ गते आरोपितविरुद्ध जिल्ला अदालतमा अभद्र व्यवहार गरेको

अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको सोही दिनको आदेशले आरोपितलाई २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

## बाल अधिकार

### बेचबिखन तथा ओसारपसार

**नवलपरासी पश्चिम**

१७ वर्षीया बालिका र २१ वर्षीया महिलालाई ०८० माघ ७ गते बेचबिखन तथा ओसारपसार गरेको भन्दै रामग्राम नगरपालिका-३, हाटबजार टोल निवासी २९ वर्षीय कलिम मिया, भारतको उत्तर प्रदेश महाराजगञ्जका २८ वर्षीय शैलेश बर्मा, भारतको उत्तर प्रदेश देवारिया निवासी २६ वर्षीय अरुण मल्लविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। पीडितहरुको स्वास्थ्य परीक्षण ०८० माघ ८ गते गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २ गते बेचबिखन तथा ओसारपसार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८० माघ ६ गते घरमा पुऱ्याइदिन्छु भनी मोटरसाईकलमा राखी मानव बेचबिखन तथा ओसारपसार गर्ने उद्देश्यले सिमानाकासम्म पुऱ्याएको भन्दै कपिलवस्तु नगरपालिका-१, हाटबजारका २४ वर्षीय महबुव अलिविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन २ गते मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलप्रसाद सापकोटाको फागुन ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२४ वर्षीया महिलाले ०८० फागुन १५ गते आर्थिक प्रलोभन देखाई जागिर लगाई दिने बहानामा मानव बेचबिखन गर्न भारत तर्फ लैजाँदै गरेको भन्दै दाङ जिल्ला गढवा गाउँपालिका-५ का २२ वर्षीय मनोज खड्काविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, कृष्णनगरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते शिवराज अस्पताल, बहादुरगंजमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत ८ गते मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश चन्द्र अधिकारीको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२४)**

| | |
|---|---|
| बलात्कार | ४३ |
| यौन दुर्व्यवहार | ११ |
| बेचबिखन तथा ओसारपसार | ५ |
| बालविवाह | ३ |
| जम्मा | ६२ |

**बाँके**

१४ वर्षीया बालिका र १५ वर्षीया दुई जना बालिकालाई ०८० माघ १८ गते मानव बेचबिखन तथा ओसारपसार गरेको भन्दै सुर्खेत जिल्ला गुर्भाकोट गाउँपालिका-१० घरभई हाल कोहलपुर नगरपालिका-२, मनकामना चौक कोहलपुर भ्याली होमस्टेका सञ्चालक ४३ वर्षीय लोक बहादुर वली, बर्दिया जिल्ला मधुबन नगरपालिका-१ घरभई हाल कोहलपुर नगरपालिका-२, मनकामना चौक कोहलपुर भ्याली होमस्टेका कर्मचारी २४ वर्षीया पवित्रा रोकायाविरुद्ध पीडित पक्षले माघ २१ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकील कार्यालय मार्फत जिल्ला अदालतमा फागुन २६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामाकान्त यादवको फागुन १८ गतेको आदेशले आरोपितहरुलाई पुर्पक्षको लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० फागुन २४ गते मानव बेचविखन तथा ओसारपसार गरेको भन्दै रोल्पा को लुङ्ग्री गाउँपालिका-३ का ५० वर्षीय टेक बहादुर खत्री भन्ने टुक बहादुर खत्री, सुर्खेतको गुर्भाकोट नगरपालिका-९, बोटेचौरका ४६ वर्षीया चन्द्रा वली, भारत उत्तरप्रदेश श्रवास्ती जिल्ला थाना मल्हीपुर का ५८ वर्षीय रामसुरेशविरुद्ध पीडितले फागुन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीको हिरासतमा राखेर थप अनुसन्धानमा भई रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरायाण डाँगीले बताए।

**बर्दिया**

१५ वर्षिया र १६ वर्षीया बालिकालाई बलात्कार गरी बेचबिखन गर्न लगेको भन्दै बाँकेको कोहलपुर नगरपालिका-७, सल्यानीटोलका २६ वर्षीय लालहहादुर सुनार, बाँकेको जानकी गाउँपालिका-६, पिपरहवाका २० वर्षीय अंकेशकुमार लोनिया र बाँकेको बैजनाथ गाउँपालिका-६ का ३९ वर्षीय प्रेमबहादुर विकविरुद्ध पीडित पक्षले पुस २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले पुस २८ गते गिरफ्तार गऱ्यो। पीडितहरुको स्वास्थ्य परीक्षण पुस २८ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितहरुविरुद्ध माघ २४ गते सरकारी वकिलको कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी एवम् मानव बेचबिखन गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २५ गतेको इजलासले आरोपित लालहहादुर सुनारलाई पुर्पक्षको लागि थुनामा पठायो भने अंकेशकुमार लोनिया र प्रेमबहादुर बिकलाई २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

## बलात्कार, यौनदुर्व्यवहार

**गुल्मी**

१३ वर्षीया बालिकालाई ०८० फागुन २५ गते बलात्कार गरेको भन्दै छत्रकोट गाउँपालिका-३ का ६५ वर्षीय प्रकाश विश्वकर्माविरुद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपिलाई फागुन २८ गते गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते गुल्मी अस्पताल, तम्घासमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १८ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीय बालिकालाई ०८० पुस १६ गते यौन दुर्व्यहार गरेको भन्दै रुरु क्षेत्र गाउँपालिका-१ का ३६ वर्षीय सानोबुबाविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ ७ गते उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते गुल्मी अस्पताल, तम्घासमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २६ गते बाल यौन दुरुपयोग गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**अर्घाखाँची**

६ वर्षीया बालिकालाई ०८० फागुन ७ गते बलात्कार गरेको भन्दै सन्धिखर्क नगरपालिका बस्ने १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ७ गतेगिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ७ गते अर्घाखाँची अस्पताल, सन्धिखर्कमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० फागुन २२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २२ गतेको इजलासले बालकलाई अभिभावकको जिम्मा लगायो।

**पाल्पा**

१६ वर्षीया बालिकालाई ०८० फागुन २१ गते बलात्कार गरेको भन्दै नवलरासी बिनयत्रिबेणी गाउँपालिका-४ का २१ वर्षीय बुद्ध नेपालीविरुद्ध पीडित पक्षले फागनु २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २१ गते जिल्ला अस्पताल, पाल्पामा भयो। प्रहरीले आरोपितिवरुद्ध चैत ९ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको चैत ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

नौ वर्षीया बालिकालाई ०८० चैत ९ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकपिरुद्ध पीडित पक्षले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ११ गते जिल्ला अस्पताल, पाल्पामा भयो। प्रहरीले आरोपितलाई गिरफ्तार गरी प्रहरीको हिरासतमा राखेर अनुसन्धान अगाडि बढाइएको

जिल्ला प्रहरी कार्यालयका डिएसपी सुगन्ध श्रेष्ठले बताए।

**रुपन्देही**

६ वर्षीया बालिकालाई ०८० पुस १७ गते बलात्कार गरेको भन्दै सम्मरीमाई गाउँपालिका-७, विजयगढवा टोलका १८ वर्षीय अशिम पाण्डेविरुद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय, मर्चवारमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २० गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १८ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० पुस २३ गते बलात्कार गरेको भन्दै भारतको शिवपति नगर स्थायी घरभई सिद्धार्थनगर नगरपालिका-८ बस्ने १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ५ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २७ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, भैरहवामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० माघ १ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-५, बडुवा बस्ने २१ वर्षीय प्रदेशी वरईविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते भिम अस्पताल भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २८ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८० माघ २३ गते बलात्कार गरेको भन्दै रोहिणी गाउँपालिका-१, बेनीपुरका अन्दाजी २२ वर्षीय हंशराज पठानविरुद्ध पीडित पक्षले माघ २४ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २४ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १८ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० पुस २५ गते बलात्कार गरेको भन्दै सुध्दोधन गाउँपालिका-५, गोगौलीका २१ वर्षीय दिपक चौहानविरुद्ध पीडित पक्षले फागुन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गऱ्यो। घटनाका आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मनोहर प्रसाद भट्टले बताए। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते भिम अस्पताल, भैरहवामा भयो।

१२ वर्षीया बालिकालाई ०८० फागुन २५ गते बलात्कार गरेको भन्दै भारतको महाराजगञ्ज स्थायी घरभई तिलोत्तमा नगरपालिका-५, डिङ्गनगर बस्ने ४८ वर्षीय राजेश कुमार दुबेविरुद्ध पीडित पक्षले फागुन २७ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। घटनाका आरोपित चैत १८ गतेसम्म प्रहरीको हिरासतमा छन्।

१५ वर्षीया बालिकालाई ०८० फागुन २८ गते बलात्कार गरेको भन्दै गैडहवा गाउँपालिका-१, भुजौलीका २२ वर्षीय सुर्जमोहन यादवविरुद्ध पीडित पक्षले चैत १ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित चैत १८ गतेसम्म प्रहरीको हिरासतमा छन्।

१४ वर्षीया बालिकालाई ०८० चैत १२ गते बलात्कार गरेको भन्दै गैडहवा गाउँपालिका-८, ढोलाइका २० वर्षीय रामसुभाष लोधविरुद्ध पीडित पक्षले चैत १३ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १३ गते बिहान गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १३ गते भिम अस्पताल भैरहवामा भयो। घटनाका आरोपित चैत १८ गतेसम्म प्रहरीको हिरासतमा छन्।

१५ वर्षीया बालिकालाई ०८० चैत ८ गते बलात्कार गरेको भन्दै मर्चवारी गाउँपालिका-३ का १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत ९ गते इलाका प्रहरी कार्यालय, मर्चवारमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित चैत १८ गतेसम्म प्रहरीको हिरासतमा छन्।

११ वर्षीया बालिकालाई ०८० फागुन १२ गते यौन दुर्व्यवहार गरेको भन्दै पाल्पाको तान्सेन नगरपालिका-८ स्थायी घरभई बुटवल उपमहानगरपालिका-१०, रामनगर बस्ने ३४ वर्षीय कुशल सापकोटाविरुद्ध पीडित पक्षले फागुन १३ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १२ गते रामनगरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १२ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २९ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० फागुन १५ गते यौन दुर्व्यवहार गरेको भन्दै नवलपरासीको रामग्राम नगरपालिका-८, महेशपुरका २१ वर्षीय राजाराम चमारविरुद्ध पीडित पक्षले फागुन १५ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत ११ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**कपिलवस्तु**

१२ वर्षीया बालिकालाई ०८० पुस २४ गते बलात्कार गरेको भन्दै कपिलवस्तु नगरपालिका-८ का ६० वर्षीय तिरथ चमारविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितिवरुद्ध माघ १६ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश प्रकाश चन्द्र अधिकारीको माघ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६ वर्षीया बालिकालाई ०८० माघ २० गते बलात्कार गरेको भन्दै बाणगंगा नगरपालिका-९ का १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले ०८० माघ २२ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। आरोपीतिलाई प्रहरीले माघ २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितिवरुद्ध फागुन १० गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश प्रकाश चन्द्र अधिकारीको फागुन १३ गतेको इजलासले आरोपित बालकलाई अभिभावकको जिम्मा लगायो।

१५ वर्षीया बालिकालाई ०८० माघ १४ गते बालविवाह गरेको भन्दै शिवराज नगरपालिका-४ का २३ वर्षीय पमपम भन्ने महेश कुमार उपाध्यायविरुद्ध पीडित पक्षले माघ २६ गते वडा प्रहरी कार्यालय, चन्द्रौटामा उजुरी दियो। आरोपीतिलाई प्रहरीले माघ २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते शिवराज अस्पताल, बहादुरगंजमा भयो। प्रहरीले आरोपितिवरुद्ध फागुन २१ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बालविवाह सम्बन्धिको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश डिलप्रसाद सापकोटाको फागुन २२ गतेको इजलासले आरोपितलाई साधारण तारिख ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

चार वर्षीया बालिकालाई ०८० फागुन ४ गते बलात्कार गरेको भन्दै छिमेकी १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन ४ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ४ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण सोही दिन लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपीतिविरुद्ध फागुन २० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश प्रकाश चन्द्र अधिकारीको फागुन २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, भैरहवामा पठायो।

४२ वर्षीया महिलालाई ०८० फागुन ८ गते बलात्कार गरेको भन्दै कृष्णनगर नगरपालिका-८ का ४५ वर्षीय हकिम खानविरुद्ध पीडितले ०८० फागुन ९ गते इलाका प्रहरी कार्यालय, गणेशपुरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन १० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १० गते शिवराज अस्पताल, बहादुरगंजमा भयो। प्रहरीले आरोपितिवरुद्ध चैत ४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी सम्बन्धि मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश दिलप्रसाद सापकोटाको चैत ५ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१५ वर्षीया बालिकालाई ०८० फागुन २६ गते

बलात्कार गरेको भन्दै बाणगंगा नगरपालिका-८ का १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले ०८० फागुन २६ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितिविरुद्ध ०८० चैत १८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश प्रकाश चन्द्र अधिकारीको ०८० चैत १९ गतेको इजलासले पुर्पक्षका लागि बालसुधार गृह, भैरहवामा पठायो।

२० वर्षीया महिलालाई ०८० फागुन ८ गते बलात्कार गरेको भन्दै मायाँदेवी गाउँपालिका-१ का २० वर्षीय इन्तियाज धुनियाविरुद्ध पीडितले फागुन ८ गते इलाका प्रहरी कार्यालय, पकडीमा उजुरी दिइन्। घटना पश्चात आरोपित फरार छन्। पीडितको उजुरीको आधारमा आरोपितिविरुद्ध इलाका प्रहरी कार्यालय पकडीमा चैत ९ गते जबर्जस्ती करणी सम्बन्धी उजुरी दर्ता भयो। पीडीतको स्वास्थ्य परिक्षण चैत ९ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। घटना पश्चात आरोपित फरार भएको हुँदा खोजी अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरि बहादुर वलिले बताए।

६ र सात वर्षीया बालिकालाई ०८० चैत १२ गते यौन दुर्व्यवहार गरेको भन्दै म्याग्दीको दरवाङ् गाउँपालिका-५ घरभई हाल बाणगंगा नगरपालिका-८, बोडगाउँमा बस्दै आएका ५५ वर्षीय खगेन्द्र सापकोटा भन्ने खगनाथ सापकोटाविरुद्ध पीडित पक्षले चैत १२ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितिविरुद्ध चैत १३ गते वालयौन दुर्व्यवहार सम्बन्धि उजुरी दर्ता गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षाण चैत १३ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरि बहादुर वलिले बताए।

**दाङ**

सात वर्षीया बालिकालाई ०८० माघ ३ गते बलात्कार गरेको भन्दै राजपुर गाउँपालिका-६ का १० वर्षीय दुई जना बालकविरुद्ध पीडित पक्षले माघ ४ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले माघ ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितिविरुद्ध माघ २५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको २६ गतेको इजलासले आरोपितहरुलाई नाबालक भन्दै अभिभावकको जिम्मा लगायो।

सात वर्षीया बालिकालाई ०८० माघ ३ गते बलात्कार गरेको भन्दै राजपुर गाउँपालिका-७ का ४३ वर्षीय शुकवीर कुमालविरुद्ध पीडित पक्षले माघ ४ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितिविरुद्ध ०८० माघ २५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८० माघ १ गते बलात्कार गरेको भन्दै दंगीशरण गाउँपालिका-६ का २२ वर्षीय बिजय बिकविरुद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितिविरुद्ध ०८० माघ २५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८० माघ २० गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-१२ का २१ वर्षीय अशोक चौधरीविरुद्ध पीडित पक्षले माघ २१ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितिविरुद्ध ०८० फागुन १० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८० माघ २० गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-१२ का १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २१ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २१ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितिविरुद्ध ०८० फागुन १० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती

करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१६ वर्षीया बालिकालाई ०८० माघ २१ गते बलात्कार गरेको भन्दै घोराही उपमहानगरपालिका-१२ का १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २२ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। उक्त स्वास्थ्य परीक्षण गर्दा पीडितको गर्भमा चार महिनाका बच्चा रहेको पाइएपछि माघ २२ गते सोही प्रतिष्ठानमै सुरक्षित गर्भपतन गरी पीडितको उपचार गरियो। प्रहरीले आरोपितिवरुद्ध ०८० फागुन १० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१७ वर्षीया बालिकालाई ०८० माघ ३ गते बलात्कार गरेको भन्दै रुकुम पश्चिमको मुसिकोट नगरपालिका-५ का ३० वर्षीय मिलन वनविरुद्ध पीडित पक्षले माघ ४ गते इलाका प्रहरी कार्यालय, भालुवाङमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ८ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० फागुन ३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० माघ ३ गते बलात्कार गरेको भन्दै ३० वर्षीय काकाविरुद्ध पीडित पक्षले माघ ९ गते वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ९ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितिवरुद्ध माघ २९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८० माघ ८ गते बलात्कार गरेको भन्दै ६० वर्षीय बुबाविरुद्ध पीडित पक्षले माघ ९ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ९ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। प्रहरीले आरोपितिवरुद्ध माघ २९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८० फागुन १ गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-६ का १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० फागुन २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१३ वर्षीया बालिकालाई ०८० फागुन २० गते यौन दुर्व्यवहार गरेको भन्दै रोल्पा घर भई हाल घोराही उपमहानगरपालिका-१५ बस्ने २१ वर्षीय विकास खत्रीविरुद्ध पीडित पक्षले फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २० गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितिवरुद्ध चैत २ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ४ गतेको इजलासले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो।

१७ वर्षीया बालिकालाई ०८० माघ २२ गते यौन दुर्व्यवहार गरेको भन्दै राजपुर गाउँपालिका-६ का ४० वर्षीय धनबहादुर खत्रीविरुद्ध पीडित पक्षले माघ २३ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० फागुन १५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १६ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्‍यो।

**बाँके**

सात वर्षीया बालिकालाई ०८० पुस २५ गते बलात्कार गरेको भन्दै बैजनाथ गाउँपालिका-५, जीगाँउ बस्ने ३५ वर्षीय प्रेमबहादुर रावतविरुद्ध पीडित पक्षले माघ ४ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ४ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा माघ २९ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रामाकान्त यादवको फागुन १ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

मानसिक रूपमा अशक्त १४ वर्षीया बालिकलाई ०८० फागुन २ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१६ का ६० वर्षीय गुलाम मोहम्मद अन्सारीविरुद्ध पीडित पक्षले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते भेरी अस्पतालमा भयो। घटनाका आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरायाण डाँगीले बताए।

१४ वर्षीया बालिकालाई ०८० फागुन १७ गते बलात्कार गरेको भन्दै सुर्खेतको गुर्भाकोट नगरपालिकाका ३७ वर्षीय प्रेमकुमार रानाविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २७ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते भेरी अस्पतालमा भयो। घटनाका आरोपित चैत १८ गतेसम्म प्रहरीको हिरासतमा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

१५ वर्षीया बालिकालाई ०८० फागुन ४ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन ६ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ६ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत फागुन २३ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायधीश भीष्मराज प्रसाईको सोही दिनको इजलासले आरोपितलाई पुर्पक्षको लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१३ वर्षीया बालिकालाई ०८० फागुन २९ गते सामुहिक बलत्कार गरेको भन्दै १७ वर्षीय बालक, १५ वर्षीय बालक र १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ३० गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितहरुवरुद्ध सरकारी वकील कार्यालय मार्फत जिल्ला अदालतमा चैत ११ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको सोही लिनको आदेशले आरोपितहरुलाई पुर्पक्षको लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१४ वर्षीया बालिकालाई ०८० माघ २५ गते यौन दुर्व्यवहार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २९ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २९ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितहरुवरुद्ध सरकारी वकील कार्यालय मार्फत जिल्ला अदालतमा फागुन २३ गते बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन २४ गतेको आदेशले आरोपितहरुलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो।

**बर्दिया**

१५ वर्षीया बालिकालाई ०८० माघ २० गते बलात्कार गरेको भन्दै गुलरिया नगरपालिका-४ का ६७ वर्षीय पंम बहादुर रानाभाट विरुद्धमा पीडितले ०८० माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २० गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १६ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १७ गतेको इजलासल आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८० माघ ४ गते बलात्कार गरेको भन्दै बाँसगढी नगरपालिका-९ का २३ वर्षीय कृष्णबहादुर शाहीविरुद्ध पीडितले माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०८० माघ ११ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ५ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन ८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८० माघ ७ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्धमा पीडितले

माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य माघ ७ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१५ वर्षीया बालिकालाई ०८० पुस १७ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकाविरुद्ध पीडित पक्षले पुस १८ गते इलाका प्रहरी कार्यालय, राजापुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरील आरोपितविरुद्ध माघ ८ गते सरकारी वकिलको कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१३ वर्षीया बालिकालाई ०८० फागुन १८ गते बलात्कार गरेको भन्दै बारबर्दिया नगरपालिका-२ का २० वर्षीय विकाश थारुविरुद्ध पीडित पक्षले फागुन १९ गते इलाका प्रहरी कार्यालय, बाँनियाभारमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरील आरोपितविरुद्ध चैत्र ८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत्र ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

नौ वर्षीया बालिकालाई ०८० फागुन २५ गते बलात्कार गरेको आरोपमा प्रहरीले बढैयाताल गाउँपालिका-९ का १३ वर्षीय सुशान्त चौधरीविरुद्ध पीडित पक्षले फागुन २६ गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध चैत्र १८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणीको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १९ गतेको इजलासले आरोपितलाई अभिभावकको जिम्मा लगाउने आदेश भयो।

११ वर्षीया बालिकालाई ०८० फागुन २७ गते बलात्कार गरेको भन्दै बाँसगढी नगरपालिका-२, मनमडुवा बस्ने २१ वर्षीय अस्मिन थारूविरुद्ध पीडित पक्षले फागुन ३० गते इलाका प्रहरी कार्यालय, मोतिपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ३० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते बर्दिया अस्पताल, गुलरियामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

१५ वर्षीया बालिकालाई ०८० चैत २२ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडितले चैत २२ गते इलाका प्रहरी कार्यालय, ढोढरीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत्र २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २२ गते बर्दिया अस्पताल, गुलरियामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

१२ वर्षीयालाई ०८० फागुन १८ गते यौन दुर्व्यवहार गरेको भन्दै दाङको तुल्सीपुर उपमहानगरपालिका-४ का २० वर्षीय प्रकाश थापा मगरविरुद्ध पीडितले फागुन १८ गते इलाका प्रहरी कार्यालय, राजापुरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १८ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८० चैत्र १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुर्व्यवहारको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत्र १४ गतेको इजलासले आरोपितलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

## बालविवाह

### दाङ

तुलसीपुर उपमहानगरपालिका-८ की १४ वर्षीया बालिकालाई ०८० पुस १९ गते बालविवाह गरेको भन्दै सोही ठाउँका २९ वर्षीय डाक्टर केसी र विवाह गराउने पण्डित ५७ वर्षीय ताराप्रसाद देवकोटाविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले पुस १९ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितिवरुद्ध ०८० पुस २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बालविवाह गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको पुस २४ गतेको इजलासले आरोपितहरुलाई २०/२० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

घोराही उपमनगरपालिका-५ की १६ वर्षीया बालिकालाई ०८० माघ २५ गते घोराही उपमहानगरपालिका-५ का २४ वर्षीया दुर्गा नेपालीले बालविवाह गरेको भन्दै पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। आरोपितलाई

प्रहरीले फागुन २९ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितिवरुद्ध ०८० फागुन २२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बालविवाह गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २३ गतेको इजलासले आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो भने बालिकालाई अभिभावकको जिम्मा लगायो। धरौटी रकम तिर्न नसक्दा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

### रुपन्देही

२२ वर्षीया महिलालाई ०८० पुस २४ गते राम्रो जागिर लगाइदिने प्रलोभन देखाएर बेचबिखन तथा ओसार पसार गरेको भन्दै लुम्बिनी साँस्कृतिक नगरपालिका-९, पिपराका ३५ वर्षीय इनामुल्लाह मुसलमानविरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मनोहर प्रसाद भट्टले बताए।

१९ वर्षीया युवतीलाई राम्रो जागिर लगाइदिने प्रलोभन देखाएर बेचबिखन तथा ओसार पसार गरेको भन्दै लुम्बिनी साँस्कृतिक नगरपालिका-९, पिपराका ३५ वर्षीया हसिना खातुन, सोही ठाउँको ४७ वर्षीया मोमिना खातुन, बुटवल उपमहानगरपालिका-९ का २१ बर्षीय अलिउल्लाह दर्जी र बुटवल उपमहानगरपालिका-२१ का २१ वर्षीय सुहेल पठानविरुद्ध पीडित पक्षले ०८० माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित हसिना खातुन र मोमिना खातुनलाई प्रहरीले माघ ९ गते गिरफ्तार गऱ्यो भने अन्य दुई जना फरार आरोपितको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मनोहर प्रसाद भट्टले बताए। पीडितको स्वास्थ्य परीक्षण माघ ५ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २८ गते बेचबिखन तथा ओसार पसार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ४ गतेको आदेशले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

## बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

### रोल्पा

१८ वर्षीया युवतीलाई ०८० चैत ३ गते बलात्कार गरेको भन्दै लु ्ी गाउँपालिका-२, शिर्पका २५ वर्षीय नेमलाल खड्काविरुद्ध पीडित पक्षले चैत ६ गते इलाका प्रहरी कार्यालय, सुलीचौरमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत ७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ७ गते रोल्पा जिल्ला अस्पताल, रेउघामा भयो। घतनाका आरोपित प्रहरीको हिरासतमा छन्।

### प्युठान

३४ वर्षीया महिलालाई ०८० चैत ७ गते बलात्कार गरेको भन्दै सरुमारानी गाँउपालिका-१ का ४५ वर्षीय फजिर अहमदविरुद्ध पीडित पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत ९ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत ९ गते जिल्ला अस्पताल, बिजुवारमा भयो। आरोपित प्रहरीको हिरासतमा छन्।

### पाल्पा

२३ वर्षीया महिलालाई ०८० पुस २० गते बलात्कार गरेको भन्दै पीडित पक्षले तानसेन नगरपालिका-१० प्रभासका ६० वर्षीय तारा बहादुर कार्कीविरुद्ध पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते जिल्ला अस्पताल पाल्पामा भयो। घटना लगत्तै आरोपितको खोजी भइरहेको र आरोपित फरार अवस्थामा रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका डिएसपी सुगन्ध श्रेष्ठले बताए।

### नवलपरासी पश्चिम

अपाङ्गता भएकी ३८ वर्षीया महिलालाई ०८० माघ ४ गते जङ्गलमा बाख्रा चराउन गएको अवस्थामा बलात्कार गरेको भन्दै बर्दघाट नगरपालिका-१६, केराबारी निवासी २३ वर्षीय अमृतबहादुर नेपाली विरुद्ध पीडित पक्षले माघ ४ गते इलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २८ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको न्यायाधीश ईश्वरी प्रसाद भण्डारीको फागुन १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३० वर्षीया महिलालाई ०८० माघ १० गते बलात्कार गरेको भन्दै रामग्राम नगरपालिका-९, जोकोबारे निवासी २९ वर्षीय जयकरण ठाडीविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते पृथ्वीचन्द्र जिल्ला

अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ४ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ६ गतेको आदेशले आरोपित १ लाख ५० हजार रपियाँ धरौटीमा रिहा भए।

**रुपन्देही**

३२ वर्षीया महिलालाई ०८० माघ १३ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-३, हरहराका ३३ वर्षीय रिशु कुमार बाँनियाविरुद्ध पीडित पक्षले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते भिम अस्पताल, भैरहवामा भयो। आरोपित फागुन १५ गते अदालतमा हाजिर भएकोमा जिल्ला अदालतका न्यायाधिश बशिष्ठ कुमार घिमिरेको फागुन १७ गतेको इजलासले पुपर्क्षका लागि कारागार पठाउने आदेश गरेको जिल्ला अदालतका श्रेस्तेदार यज्ञमुर्ति ज्ञवालीले बताए।

२० वर्षीया महिलालाई ०८० फागुन १० गते बलात्कार गरेको आरोपमा प्रहरीले लुम्बिनी साँस्कृतिक नगरपालिका-२, अदौलीका २८ वर्षीय राजेश यादवविरुद्ध पीडित पक्षले चैत १ गते इलाका प्रहरी कार्यालय लुम्बिनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय, लुम्बिनीका इन्सपेक्टर कञ्चन तामाङले बताइन्।

२३ वर्षीया महिलालाई ०८० माघ २२ गते बलात्कार प्रयास गरेको भन्दै प्यूठानको मल्लरानी गाउँपालिका-४ स्थायी घरभई बुटवल उपमहानगरपालिका-९ बस्ने २७ वर्षीय आश्रित श्रेष्ठविरुद्ध पीडित पक्षले माघ २४ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २३ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १७ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३६ वर्षीया आमालाई ०८० चैत १२ गते बलात्कार प्रयास गरेको भन्दै सियारी गाउँपालिका-७ का १६ वर्षीय बालकविरुद्ध पीडितले चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत १२ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत १२ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित चैत १८ गतेसम्म प्रहरीको हिरासतमा छन्।

**कपिलवस्तु**

३५ वर्षीया महिलालाई ०८० माघ ८ गते बलात्कार प्रयास गरेको भन्दै बाराको कलैया उपमहानगरपालिका-१२, सितलापुर घर भई हाल कपिलवस्तु नगरपालिका-१, आशा लघुवित्त संस्थाको शाखा प्रवन्धक २७ वर्षीय बिजय कुमार गुप्ताविरुद्ध ०८० माघ २१ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ २१ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत फागुन १४ गते जिल्ला अदालतमा बलात्कार प्रयासको मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिश रोमनाथ अधिकारीको ०८० फागुन १५ गतेको इजलासले आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गर्‍यो।

१५ वर्षीया बालिकालाई ०८० फागुन १ गते बलात्कार प्रयास गरेको भन्दै शिवराज नगरपालिका-५, लक्जरी होटलमा प्यूठानको सरुमारानी गाउँपालिका-१ का १९ वर्षीय रजित अलि, २२ वर्षीय आशिष खान र २० वर्षीय ईसरात हुसेनविरुद्ध पीडित पक्षले ०८० फागुन ११ गते वडा प्रहरी कार्यालय, चन्द्रौटामा उजुरी दियो। पीडितको उजुरीको आधारमा आरोपितहरुविरुद्ध ०८० फागुन १३ गते बलात्कार प्रयास सम्बन्धिको उजुरी दर्ता भयो। बालिकाको स्वास्थ्य परीक्षण फागुन ११ गते शिवराज अस्पताल, बहादुरगञ्जमा भयो। घटना पश्चात आरोपितहरु फरार भएकोले थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरि बहादुर वलिले बताए।

२० वर्षीया महिलालाई ०८० फागुन २२ गते बलात्कार प्रयास गरेको भन्दै शिवराज नगरपालिका-९ का ५० वर्षीय करम हुसेन मियाँविरुद्ध ०८० फागुन २३ गते इलाका प्रहरी कार्यालय, गणेशपुरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २५ गते गिरफ्तार गर्‍यो। पीडित पक्षको उजुरीको आधारमा आरोपितिवरुद्ध ०८० फागुन २७ गते बलात्कार प्रयास सम्बन्धिको उजुरी दर्ता भयो। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते शिवराज अस्पताल, बहादुरगञ्जमा भयो। घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरि बहादुर वलिले बताए।

**दाङ**

२५ वर्षीया महिलालाई ०८० पुस १६ गते

बलात्कार गरेको भन्दै दंगीशरण गाउँपालिका-२ का ४५ वर्षीय दिपक वलीविरुद्ध पीडित पक्षले पुस १७ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० माघ ४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ ५ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

२५ वर्षीया महिलालाई ०८० माघ ८ गते बलात्कार गरेको भन्दै दंगीशरण गाउँपालिका-५ का ४० वर्षीय ठागु चौधरीविरुद्ध पीडित पक्षले माघ ९ इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० माघ २८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

२७ वर्षीया महिलालाई ०८० माघ १० गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-३ का ३२ वर्षीय भागीराम सुनारविरुद्ध पीडित पक्षले माघ २० गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० फागुन ११ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १३ गतेको इजलासले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटी रिहा गऱ्यो।

१९ वर्षीया महिलालाई ०८० फागुन ६ गते बलात्कार गरेको भन्दै घोराही उपमहानगरपालिका-१४ का ४१ वर्षीय सुनिल विश्वकर्माविरुद्ध पीडित पक्षले फागुन १५ गते वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० चैत ६ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी - मार्च २०२४)**

| | |
|---|---|
| बलात्कार | ३८ |
| घरेलु हिंसा | २७१ |
| यौन दुर्व्यवहार | ३ |
| बलात्कार प्रयास | ७ |
| बेचबिखन तथा ओसारपसार | ६ |
| बहुविवाह | १२ |
| जम्मा | ३३७ |

१९ वर्षीया महिलालाई ०८० पुस २५ गते बलात्कार गरेको भन्दै गढवा गाउँपालिका-५ का २२ वर्षीय टिकाराम यादवविरुद्ध पीडित पक्षले फागुन १९ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। आरोपित फरार भएकाले खोजी भइरहेको इलाका प्रहरी कार्यालय, गढवाका इन्स्पेक्टर नविन वलीले बताए।

२० वर्षीया महिलालाई अन्तिम पटक ०८० पुस ३० गते बलात्कार गरेको भन्दै सल्यान घर भइ हाल घोराही उपमहानगरपालिका-१५ बस्ने २१ वर्षीय प्रतिक वलीविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ३०

गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। अस्पतालले पीडितको पेटमा आठ महिनाको गर्भ रहेको बतायो। घटनाका आरोपित चैत १८ गतेसम्म प्रहरीको हिरासतमा छन्।

२९ वर्षीया महिलालाई ०८० फागुन ९ गते बलात्कार गरेको भन्दै रुकुम पश्चिमको मुसीकोट नगरपालिका-१३ का ३५ वर्षीय विनोद केसीले पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालय घोराहीमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। घटनाका आरोपित चैत १८ गतेसम्म प्रहरीको हिरासतमा छन्।

२६ वर्षीया महिलालाई ०८० माघ १५ गते बलात्कार प्रयास गरेको भन्दै भारत घर भई हाल तुलसीपुर-६ मा बस्ने ३५ वर्षीय अजित भन्ने अमरेश गुप्ताविरुद्ध पीडित पक्षले माघ १८ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितिवरुद्ध ०८० फागुन १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बलात्कार प्रयास गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

२३ वर्षीया महिलालाई ०८० माघ २४ गते बलात्कार प्रयास गरेको भन्दै घोराही उपमहानगरपालिका-१५ का ज्ञान भन्ने गेहेन्द्र बहादुर दमाईविरुद्ध पीडित पक्षले माघ २८ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितिवरुद्ध फागुन २२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बलात्कार प्रयास गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

**बाँके**

२८ वर्षीया महिलालाई ०८० माघ १४ गते बलात्कार गरेको भन्दै बाँके राप्ती सोनारी गाउँपालिका-७ का २० वर्षीय साहेबदीन धोवी र सोही ठाउँका २१ वर्षीय कालिया खाँ भन्ने फरिद खाँविरुद्ध पीडित पक्षले माघ १५ गते इलाका प्रहरी कार्यालय, भगवानपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १५ गते गिरफ्तार गऱ्यो भने कालिया खाँ भन्ने फरीद खाँ फरार रहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकील कार्यालय मार्फत जिल्ला अदालतमा फागुन ९ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बालकृष्ण वाग्लेको फागुन ११ गतेको आदेशले साहेबदीन धोवीलाई पुर्पक्षको लागि थुनामा पठायो।

२४ वर्षीया महिलालाई ०८० फागुन ८ गते बलात्कार गरेको भन्दै बाँके राप्तीसोनारी गाउँपालिका-४ का २३ वर्षीय अमित चौधरीविरुद्ध पीडितले फागुन १४ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण २३ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकील कार्यालय मार्फत जिल्ला अदालतमा चैत १९ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामाकान्त यादलेको फागुन १९ गतेको आदेशले साहेबदीन धोवीलाई ३ लाख धरौटी रिहा गऱ्यो।

कोहलपुर नगरपालिका-३ घरभई हाल नेपालगञ्ज उपमहानगरपालिका-१८, बागेश्वरी दोहोरी थकाली भान्साघरका सञ्चालिका ३० वर्षीया महिला सुनिता मल्ललाई ०८० फागुन २ गते दुर्व्यवहार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-२ का २० वर्षीय विकास बुढा भन्ने भिनास बुढा र जाजरकोटको भेरी नगरपालिका घरभई हाल नेपालगञ्ज उपमनपा-२ का २० वर्षीय नरेश भन्ने नरेन्द्र कुमार थापाविरुद्ध पीडितले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितहरुलाई फागुन २ गते गिरफ्तार गऱ्यो।

**बर्दिया**

६८ वर्षीया महिलालाई ०८० माघ १४ गते बलात्कार गरेको भन्दै बारबर्दिया नगरपालिका-११ का ३० वर्षीय रामकिसुन थारु विरुद्ध पीडितले ०८० माघ २० गते इलाका प्रहरी कार्यालय, मोतिपुरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८० फागुन १० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासल

आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

७२ वर्षीया महिलालाई ०८० माघ १६ गते बलात्कार प्रयास गरेको भन्दै बढैयाताल गाउँपालिका-६ का ४६ वर्षीय शिवप्रसाद थारुविरुद्धमा पीडितले माघ २० गते इलाका प्रहरी कार्यालय मैनापोखरमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरील आरोपितविरुद्ध फागुन १० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीया युवतीलाई ०८० माघ १७ गते बलात्कार गरेको भन्दै बाँकेको खजुराका गाउँपालिका-२ का ३६ वर्षीय केशव बहादुर खत्री र बारर्दिया नगरपालिका-८ की कविता क्षेष्ठविरुद्ध पीडित पक्षले माघ २६ गते इलाका प्रहरी कार्यालय, बानियाँभारमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले माघ २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितहरुविरुद्ध फागुन २२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २३ गतेको इजलासले आरोपितकेशव बहादुर खत्रीलाई पुर्पक्षको लागि थुनामा पठायो भने कविता श्रेष्ठलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

२० वर्षीया महिलालाई ०८० फागुन ४ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-२१ का २४ वर्षीय सलामुद द्दिन सिक्लीविरुद्ध फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ५ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३० वर्षीया महिलालाई ०८० फागुन १२ गते बलात्कार गरेको भन्दै बारबर्दिया नगरपालिका-१० का ६५ वर्षीय ढेलु थारुविरुद्ध पीडित पक्षले चैत २ गते इलाका प्रहरी कार्यालय, मोतिपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध चैत २० गते गसरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणीको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २१ गतेको इजलासले आरोपितसँग ८० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

२० वर्षीया युवतीलाई ०८० चैत ७ गते बलात्कार गरेको भन्दै बाँसगढी नगरपालिका-४ का वडा अध्यक्ष ४६ वर्षीय कृष्णप्रसाद बास्तोलाविरुद्ध पीडितले चैत ८ गते इलाका प्रहरी कार्यालय, मोतिपुरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ८ गते बर्दिया अस्पताल, गुलरियामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

१८ वर्षीया युवतीलाई ०८० चैत ४ गते बलात्कार गरेको भन्दै गुलरिया नगरपालिका-१० का १८ वर्षीय तिलक गोडियाविरुद्ध पीडितले चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते बर्दिया अस्पताल, गुलरियामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

४० वर्षीया महिलालाई ०८० चैत २ गते बलात्कार प्रयास गरेको आरोपमा बारबर्दिया नगरपालिका-७ का ३२ वर्षीया टिकाराम बिसीकाविरुद्ध पीडितले चैत ४ गते इलाका प्रहरी कार्यालय, बाँनियाभारमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ४ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते बर्दिया अस्पताल, गुलरियामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

## पारिवारिक हत्या

### रोल्पा

माडी गाउँपालिका-१, जयलखकी ३० वर्षीया मनकुमारी बुढाको ०८० फागुन ११ गते हत्या गरेको भन्दै पति ३२ वर्षीय भीमबहादुर बुढाविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन ११ गते उजुरी दियो। आरोपिलाई प्रहरीले फागुन ११ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रामनारायण गुप्ताका अनुसार मदिरा सेवन गरी घरायसी विवाद भएका कारण पतिले खुकुरी प्रहार गरी पत्नीको हत्या गरेको बताए। शवको पोस्टमार्टम फागुन १२ गते रोल्पा जिल्ला अस्पताल, रेउघामा भएपछि पीडित पक्षले सोही दिन शवको सदगत् गरे। घटनामा प्रहरीले जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा आधारमा आरोपितविरुद्ध

जिल्ला अदालतमा ०८० फागुन २३ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

**दाङ**

तुलसीपुर उपमहानगरपालिका-४ की ४५ वर्षीया लक्ष्मी चौधरीलाई ०८० माघ ७ गते ४२ वर्षीय पति पेण्डुवा चौधरीले हत्या गरेको भन्दै पीडित पक्षले माघ ७ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। शवको पोष्टमार्टम माघ ७ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भई छोराले बुझेर माघ ७ गते नै सतगत् गरे। आरोपितलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध ०८० माघ २९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा हत्या गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

रुन्टीगढी गाउँपालिका-९, रोल्पाकी २२ वर्षीया पत्नी टीका बिक र साढे दुई वर्षका छोरा सुशान्त नेपालीको जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान ३२ वर्षीय पिमलाल नेपालीले ०८० माघ २१ गते हत्या गरेको भन्दै पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २१ गते गिरफ्तार गऱ्यो। घरबाट बोलाएर घोराही उपमहानगरपालिका-१५ स्थित होटेल सुपरग्रीनमा रात बसेका नेपालीले आपसी विवादमा होटेलमै सलले घाँटी बाँधेर हत्या गरेका थिए। दुवै जनाको शवको पोष्टमार्टम माघ २२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरेर घर परिवारले बुझी सतगत् गरे। प्रहरीले आरोपितविरुद्ध ०८० फगुन १४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा हत्या गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

पञ्चपुरी नगरपालिका-९ घर भई वडा प्रहरी कार्यालय, घोराहीमा कार्यरत २६ वर्षीया धनमाया थापामगरलाई ०८० फागुन ३ गते नौबहिनी गाउँपालिका-४ घर भई कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, नेपालगञ्जमा कार्यरत सहायक हवल्दार ३५ वर्षीय यामबहादुर झाँक्रीले घोराही उपमहानगरपालिका-१४ स्थित दामोदर चोकमा डिउटी बसेका बेला गोली प्रहरी गरी हत्या गरेको भन्दै पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ३ गते लमही नगरपालिका-६, अर्जुनखोलाबाट एक थान पेस्तोल, एक थान म्यागजिन, सात राउण्ड गोली र भे १२ प ११५० नम्बरको मोटरसाइकलसहित गिरफ्तार गऱ्यो। छातीमा तीन राउण्ड गोली लागेर गम्भीर घाइते भएकी थापाको उपचारको क्रममा फागुन ३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा मृत्यु भयो। शवको फागुन ४ गते पोष्टमार्टमपछि आफन्तले शव बुझेर सतगत् गरे। प्रहरीले आरोपितविरुद्ध ०८० फगुन २७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा हत्या गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## जातीय विभेद

**दाङ**

घोराही उपमहानगरपालिका-८ का ३० वर्षीया सरिता बिकलाई ०८० पुस २४ गतेसम्म पटक पटक जातीय विभेद गरेको भन्दै घोराही उपमहानगरपालिका-८ का ५० वर्षीय बसन्त बुढाथोकीविरुद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। फरार आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध ०८० चैत १६ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जातीय छुवाछुत गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १६ गतेको इजलासले आरोपितहरुलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

## आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार

## सम्पत्ति आगजनी

**दाङ**

ज्ञानज्योती इङ्लिस बोडिङ स्कुल गढवा-६ को लु १ क ५३३५ नम्बरको बसमा ०८० फागुन २५ गते पहिचान नखुलेको समूहले आगजनी गऱ्यो। बस चालक अर्जुन योगीले फागुन २३ गते विद्यार्थी घर छोडेर गढवा-२ स्थित आफ्नै घरको आगनमा पार्किङ गरी राखेको बसमा राति १० बजेतिर सो समूहले आगजनी गर्दा पूर्णरुपले जलेर १२ लाखको क्षति भएको विद्यालयका प्रिन्सीपल दिपककुमार यादवले बताए। चालक घरमा सुतिरहेको मौका छोपेर आगजनी गरिएको राती नै प्रहरी, गाउँपालिका दमकलबाट आगो नियन्त्रणले अनुसन्धानको माग गर्दै पीडित पक्षले फागुन २६ गते इलाका प्रहरी कार्यालय, गढवामा निवेदन दिए। क्षतिग्रस्त बसको

मुचुल्का उठाइएको र घटनाको अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय गढवाका इन्स्पेक्टर नविन वलीले बताए।

### स्वास्थ्य सेवाको अवस्था

**दाङ**

राजपुर गाउँपालिका-१ का ९ वर्षीय बालक सुरेश कवरको अस्पतालको लापरवाहीका कारण ०८० फागुन ३० गते मृत्यु भएको भन्दै पीडित पक्षले बुद्ध इन्टरनेशनल हस्पिटल घोराहीमा आन्दोलन गरे। टङसिलको समस्या भएर उपचारमा आएका बालकलाई नाक, कान, घाटी विशेषज्ञ डाक्टर आशिष खड्गीले पिप जमेको भन्दै घाँटीमा सिरिन्ज रोप्दा नसा फूटेर अत्यधिक रक्तस्राव भई ज्यान गएको पीडितकी आमा २८ वर्षीया भिकी कवरले बताइन्। पीडित पक्षले विना सावधानी सिरिन्ज रोपेर नसा फूटेको भन्दै चिकित्सकमाथि कारवाहीको माग गर्दै फागुन ३० गते देखि आन्दोलन गरे। आन्दोलनका कारण हस्पिटलमा उपचार सेवा दुईदिनसम्म अवरुद्ध भयो भने आन्दोलनकारीको ढुंगा प्रहारबाट हस्पिटलको झ्याल, ढोका, गेट, प्रतिक्षालय तोडफोड भयो। आन्दोलनकारीलाई हटाउन प्रहरीले चैत १ गते ९ सेल अश्रुग्यँस प्रहार गर्‍यो। अस्पताल, स्थानीय प्रशासन र पीडित पक्षवीच चैत १ गते लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, घोराही उपमहानगरपालिका, ३ जना नाक,कान,घाँटी विशेषज्ञ र पीडितपक्षसहितको सात सदस्यीय छानवीन समिति गठन गर्ने र पीडित पक्षलाई १२ लाख रुपैया उपलब्ध गराउने सहमतिपछि आन्दोलन स्थगित भयो। बुद्ध इन्टरनेशनल हस्पिटलका प्रमुख कार्यकारी अधिकृत बालाराम शर्माले चैत ३ गते विज्ञप्ति जारी गरी बालकको उपचारमा कुनै लापरवाही नभएको बताए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**लुम्बिनी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : भोला महत, **संयोजन/सम्पादन** : सोम नेपाली, **व्यवस्थापक** : खिमलाल भट्टराई

नेपालगञ्ज उपमहानगरपालिका-१२, एसओएस मार्ग, बाँके, फोन : ०८१-४१५३४३

इमेल : nepalgunj@insec.org.np, Website : www.inseconline.org